नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

प.सं.
च.नं.

बबरमहल,
काठमाडौं, नेपाल
मितिः २०८३/०८/०१

नेपाल सम्वत् ११४७, कछला ८

काठमाडौं जिल्लालाई चौबिसै घण्टा खुल्ला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

काठमाडौं जिल्ला भित्रका दरबारमार्ग, ठमेल जस्ता क्षेत्रहरुलाई चौबिसै घण्टा खुल्ला गर्ने गरी यस अघि नै निर्णय भई उक्त क्षेत्र खुल्ला रहेकै छ । काठमाडौं नेपालको संघीय राजधानी रहेको, अत्यन्त महत्वपूर्ण स्थान भएको एवम् जिल्ला प्रशासन कार्यालयले समग्र काठमाडौं जिल्लालाई नै भरपर्दो सुरक्षा प्रबन्ध सहित अन्य न्यूनतम पूर्वाधारहरु जस्तै सडक यातायात, स्वास्थ्य सेवा, विद्युत, इन्टरनेट, CCTV, सडक बत्तिको पर्याप्त व्यवस्था समेतको तयारी गरी यातायात, व्यवसाय, व्यापार, स्वास्थ्य क्षेत्र, आपूर्ति व्यवस्था, सुरक्षाको भरपर्दो प्रबन्ध गर्दै चौबिसै घण्टा काठमाडौंलाई खुल्ला गर्ने अभिप्रायका साथ रणनीतिगत तयारी गर्ने कार्य यस कार्यालयबाट भईरहेको छ । निकट भविष्यमा काठमाडौं जिल्ला भित्रका अन्य सम्पूर्ण स्थानहरुका व्यापार, व्यवसाय, बजार क्षेत्रहरु चौबिसै घण्टा खुल्ला गर्ने सम्बन्धमा स्थानीय तह, विभिन्न विभागहरु, कार्यालयहरु, यातायात व्यवसायी र निजि क्षेत्र समेतको समन्वयात्मक बैठक छिट्टै आयोजना गरिने व्यहोरा सम्वद्ध सबैलाई जानकारी गराईएको छ । वृहत् तयारी पश्चात् मात्र चौबिसै घण्टा काठमाडौंको समग्र क्षेत्र खुल्ला गर्ने गरी निकट भविष्यमा निर्णय गरिने छ । अतः हाललाई साविकमा चौबिसै घण्टा खुल्ला गरिएका क्षेत्र बाहेकका अन्य स्थानका व्यवसायीहरुलाई अर्को सूचना नआउदासम्म पूर्ववत रुपमा तोकिएको समयसम्म मात्र व्यापार, व्यवसाय संचालन गर्ने व्यवस्था गर्नु हुन सूचित गरिएको छ ।

(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी

०१-५३६२४७८, ५३६२८२८, ५३६२४४८, ५३४८९८५, ५३६७६९१
ईमेल: daobabarmahal@gmail.com, website: daokathmandu.moha.gov.np